# खाद्य सुरक्षासम्बन्धी क्षेत्रीय बैठक सुरु

**कान्तिपुर संवाददाता**

ललितपुर- दक्षिण एसियामा खाद्य असुरक्षा सम्बोधनका लागि नागरिक समाज मञ्चको दोस्रो बैठक बिहीबार सुरु भएको छ । सावती र अक्सफामले संयुक्त रूपमा आयोजना गरेको बैठकमा नेपाल, भारत, बंगलादेशलगायत सार्क क्षेत्रका प्रतिनिधिहरूको सहभागिता छ ।

सार्क विकास र कृषि तथा ग्रामीण विकास कोषका निर्देशक रियाज हमिदुल्लाहले दक्षिण एसियाको खाद्य सुरक्षाको सन्दर्भमा तल्लो तहमा सीधै लाभ पुग्ने गरी नीतिगत हस्तक्षेपको आवश्यकता रहेको औंल्याए । सार्कले कृषि विकास र खाद्य सुरक्षासम्बन्धी १२ करोड अमेरिकी डलर बराबरका सात आयोजना सुरु गर्न सहमत भएको पनि उनले जानकारी दिए ।

मञ्चले धेरै मुद्दाहरू दस्तावेजमा समेट्न सक्ने भन्दै उनले थपे, 'तर यस्ता सुझावहरू दिंदा साना र सीमान्तकृत किसानमा बढी केन्द्रित हुनुपर्छ, साथै यी कार्यान्वयनमा आउन सक्ने खालको पनि हुनुपर्छ ताकि सार्क क्षेत्रका सरकारहरूले यसलाई छिट्टै मनन र अवलम्बन गर्न सकून् ।'




कार्यक्रममा उपस्थित सहभागी । तस्बिर : कान्तिपुर

कार्यक्रम उद्घाटन गर्दै राष्ट्रिय योजना आयोगका सदस्य सुबोधनारायण झाले धेरै वाचा गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्ति विगतका अनुभवले देखाएको भन्दै खाद्य सुरक्षाका लागि कार्यान्वयनमुखी भएर जानुपर्ने बताए ।

सावतीका कार्यकारी अध्यक्ष पोषराज पाण्डेले दक्षिण एसियामा खाद्य असुरक्षालाई सामना मात्रै गर्ने भन्दा पनि यसको जोखिमबाट कसरी बच्ने भन्ने सम्भाव्य योजना बनाउन आवश्यक रहेको बताए ।

व्यापार छलफल र क्षेत्रीय परामर्श गर्दा निर्वाहमुखी किसानका जीविकोपार्जनका मुद्दा र जलवायु परिवर्तनका सन्दर्भमा संवेदनशील हुनुपर्ने उनको भनाइ थियो ।

सावतीका महासचिव रत्नाकर अधिकारीले खाद्य उत्पादन र निर्यात गर्ने प्रमुख मुलुकहरूमा विभिन्न जलवायु र गैर जलवायुसम्बन्धी घटनाले गर्दा खाद्यान्नको मूल्य उच्च रूपले वृद्धि र कमजोर बनाएको बताए ।

'प्रविधि स्थानान्तरण र आपूर्ति अवरोधमा सम्बोधनलगायत उपायबाहेक दक्षिण एसियामा खाद्य सुरक्षालाई अभिवृद्धि गर्ने एउटा माध्यम क्षेत्रीय संयोजन पनि हो,' उनले भने, 'तर विभिन्न कठिन व्यापारिक समस्याले कृषि व्यापारलाई अवरोध पुर्‍याइरहेका छन् ।'